नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०३/०७ को निर्णय अनुसार जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी अर्को आदेश जारी नभएसम्मको लागि कुल उडान सङ्ख्याको ५० प्रतिशतमा नबढ्ने गरी आन्तरिक हवाई उडान सञ्चालन गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७८ असार १७ गतेदेखि उडान सञ्चालन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएको छ। साथै गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ३१ आन्तरिक उडान भरी जम्मा १४४ संख्यामा यात्रुको उद्धार गरिएको छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १७ रहेको छ ।

जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी नेपाली वायुसेवा र सम्बन्धित देशका वायुसेवाहरूबाट काठमाडौं-दोहा हप्तामा चार उडान, काठमाडौं-ईस्तानबुल हप्तामा दुई उडान, काठमाडौं-दुबई हप्तामा चार उडान, काठमाडौं-दमाम हप्तामा दुई उडान, काठमाडौं-कुवेत हप्तामा चार उडान, काठमाडौं-मस्कट हप्तामा एक उडान, काठमाडौं-क्वालालम्पुर हप्तामा चार उडान, काठमाडौं-सियोल हप्तामा एक उडान, काठमाडौं-टोकियो हप्तामा एक उडान, काठमाडौं-कुवेत हप्तामा चार उडान, काठमाडौं-छेन्दु र काठमाडौं-ग्वाङ्जाओ हप्तामा दुई/दुई उडान नियमित दुईतर्फी अन्तर्राष्ट्रिय उडान गर्न मन्त्रालयले व्यवस्था मिलाउने निर्णयानुसार सम्बन्धित देशमा हुने उडानका लागि तालिका तयार गरी अन्तर्राष्ट्रिय उडानको सुरूवात गरेको छ। साथै कोभिड-१९ को महामारीको संक्रमणलाई नियन्त्रण तथा व्यवस्थापन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/१९ को निर्णयानुसार सीमित अन्तर्राष्ट्रिय उडान भइरहेको अवस्थामा केही ट्राभल एजेन्सीहरूले तोकिएको भाडादर भन्दा अत्यधिक भाडा असुल गरेको भन्ने गुनासोहरूको सन्दर्भमा अध्ययन तथा छानविन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक श्री राजन पोखरेलको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन भई कार्य सुरू गरिएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार हङ्गकङ्ग नेप्लिज फेडेरेसनले प्रदान गर्ने १०० थान अक्सिजन कन्सन्ट्रेटर हिमालयन एयरलाइन्सको उडानबाट नेपाल आइपुगेको छ। चीनको ग्रान्ड बुद्ध मोनास्ट्रीले नेपाली

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

महावाणिज्यदूतावास ग्वान्जाओलाई प्रदान गरेको १० थान आई.सी.यु. बेडको भन्सार छुट तथा वितरण व्यवस्थापन सम्बन्धमा समन्वय गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि १,५६,६५,७७७ थान विभिन्न मेडिकल उपकरणहरू, ५११३ एमटिक्यु अक्सिजन र १३,९९,०७० मूल्य बराबरका औषधीहरू पैठारी भएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,०५६ सिलिण्डर र उपत्यका बाहिर ७,३३० सिलिण्डर गरी कुल १२,३८६ सिलिण्डर अक्सिजनको उत्पादन भइरहेको छ । हाल मुलुकमा लिक्विड अक्सिजनको समेत आयात भइरहेकाले देशभरि अक्सिजन अभाव नरहेको र माग भन्दा बढी उत्पादन भइरहेको छ। समग्र अक्सिजनको माग घटेकाले अक्सिजन उद्योगहरू सिफ्टमा संचालन हुन थालेका छन्। अक्सिजन उद्योगहरूलाई तोकिएको कोटा अनुसार अस्पतालहरूले अक्सिजनको माग नगर्दा उद्योगहरूमा अक्सिजनको स्टक समेत बढ्दै गएको छ।

मिति : २०७८ असार १०

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np